# विश्वविद्यालय अनुदान आयोग


पत्र संख्याः

च. नं.: १२

मितिः २०७६/०४/०६

**विषयः उत्कृष्ट क्याम्पस छनौटका लागि आवेदन माग गरिएको सम्बन्धी सूचना ।**

राष्ट्रिय शिक्षा दिवसको उपलक्ष्यमा प्रदान गरिने पदक तथा छात्रवृत्ति सम्बन्धि निर्देशिका, २०७१ अनुसार राष्ट्रिय शिक्षा दिवस २०७६ मा पुरस्कृत गर्न उत्कृष्ट क्याम्पस छनौटका लागि यो सूचना प्रकाशित गरिएको छ । पुरस्कारका लागि नेपालमा स्थापित मान्यता प्राप्त विश्वविद्यालयहरुको आंङ्गिक क्याम्पसका साथै विश्वविद्यालयहरुबाट सम्बन्धन लिई सञ्चालनमा रहेका सामूदायिक र निजी (प्राइभेट) क्याम्पसहरुले आ-आफ्नो दाबी सहित तोकिएको प्रक्रिया, मापदण्ड र ढाँचामा मिति २०७६ साउन ३० गते (कार्यालय समयभित्र) आइपुग्ने गरी यस आयोग समक्ष आवेदन दिनुपर्नेछ । आवेदन फारम तथा छनौटको मापदण्ड र अङ्क सम्बन्धि विबरण आयोगको Website: www.ugcnepal.edu.np बाट डाउनलोड गरी वा कार्यालय समयभित्र सोझै कार्यालयमा सम्पर्क गरी लिन सकिनेछ । थप जानकारीका लागि *'राष्ट्रिय शिक्षा दिवसको उपलक्ष्यमा प्रदान गरिने पदक तथा छात्रवृत्ति सम्बन्धि निर्देशिका, २०७१'* अध्ययन गर्न तथा आयोगको प्रशासन महाशाखामा सम्पर्क गर्नुहुन अनुरोध छ । एकपटक उत्कृष्ट क्याम्पसको रुपमा पुरस्कृत भइसकेको क्याम्पसले सोको पाँच बर्ष पूरा नभइ यस प्रक्रियामा पुन : सामेल हुन नपाउने जानकारी गराउँदै म्याद नाघी, रीत नपुगी, तोकिएको प्रक्रिया, मापदण्ड र ढाँचा बाहिर रही तथा माग गरिएका आवश्यक प्रमाणहरुबिना आएका निवेदन उपर कार्यवाही गर्न आयोग बाध्य नहुने व्यहोरा यसै सूचनामार्फत सम्बन्धित सवै सरोकारवालाहरुमा अवगत गराइन्छ ।

**पुरस्कृत गरिने क्याम्पसहरु :**

(१) आङ्गिक क्याम्पस - १

(२) सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस - १

(३) सम्बन्धन प्राप्त निजी (प्राइभेट) क्याम्पस - १

सुवासचन्द्र ढुंगेल २०७६।४।६

सुवासचन्द्र ढुंगेल

प्रमुख प्रशासकीय अधिकृत


सानोठिमी, भक्तपुर, फोनः ६६३८४५८, ६६३८५४९, ६६३८५५०, ६६३८५५१, फ्याक्सः ९७७-१-६६३८५५२, पोष्ट बक्स नं. १०७९६ काठमाडौं, नेपाल

ईमेलः ugc@ugcnepal.edu.np, Website: www.ugcnepal.edu.np